श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, सिराहाका प्र. जि. अ. श्री विश्वराज रेग्मी गृह पञ्चायत मन्त्रालयमा काजमा रहनुभएकोले सो पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय, सिराहाका पं. वि.अ. श्री उमेशचन्द्रलाल कायष्ठलाई मिति २०३७।४।१० देखि २०३७।६।१२ सम्मको लागि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय, सिराहाका प्र. जि. अ. श्री विश्वराज रेग्मी यस मन्त्रालयमा काजमा रहनुभएकोले सो पदमा यस मन्त्रालयमा काज खटिई आउनुभएका भूमिसुधार अधिकारी श्री प्रेमकुमार वान्तवालाई मिति २०३७।६।१० को निर्णयानुसार मिति २०३७।६।१३ देखि काज खटाएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३७।९।९ को निर्णयानुसार, लुम्बिनी अञ्चलाधीश कार्यालयको रिक्त सहायक अञ्चलाधीश पदमा नेपाल प्रशासन सेवा, रा. प. द्वितीय श्रेणी, भेरी अञ्चलाधीश कार्यालयका सहायक अञ्चलाधीश श्री रामचन्द्र बरालाई सरुवा गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।